# लुम्बिनी बाणिज्य क्याम्पस

## स्व.बि.यु निर्वाचन समिति

## स्व. वि. यु. निर्वाचन तालिका २०७९

| क्र.सं. | कार्यक्रम | मिति र समय |
|---|---|---|
| १ | संघ/संगठन/समुह दर्ता | २०७९/११/१० गते |
| २ | मतदाता सुची प्रकाशित गर्ने | २०७९/११/२५ गते |
| ३ | मतदाता सुची उपर दाबि बिरोध गर्ने | २०७९/११/२६ गते १ बजे सम्म |
| ४ | मतदाता सुची उपर दाबि बिरोधको छानबिन एबं अन्तिम नामावली प्रकाशन गर्ने | २०७९/११/२६ गते ५ बजे |
| ५ | उम्मेदवारको लागि मनोनयनपत्र वितरण गर्ने (प्रत्यक्ष र समानुपातिक दुबैको लागि) | २०७९/११/२७ गते दिनको २ बजे सम्म |
| ६ | उम्मेदवारको मनोनयनपत्र दाखिला गर्ने | २०७९/११/२७ गते ५ बजे सम्म |
| ७ | प्रत्यक्षतर्फको उम्मेदवारको नामावली प्रकाशित गर्ने | २०७९/११/२७ गते |
| ८ | उम्मेदवारको नामावली उपर दाबी बिरोध गर्ने अन्तिम समय | २०७९/११/२८ गते दिनको २ बजे सम्म |
| ९ | दावि बिरोध उपर छानबिन गरि उम्मेदवारको नामावली प्रकाशित गर्ने | २०७९/११/२८ गते |
| १० | उम्मेदवारको नाम फिर्ता लिने अन्तिम समय | २०७९/११/२९ गते दिनको १ बजे सम्म |
| ११ | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | २०७९/११/२९ गते |
| १२ | मतदान मिति | २०७९/१२/५ गते |

सह प्रा. गोपाल प्रसाद पाण्डे
निर्वाचन अधिकृत
स्व.वि.यु.निर्वाचन समिति २०७९

# लुम्बिनी बाणिज्य क्याम्पस
## त्रिभुवन विश्वविद्यालय
## स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनसम्बन्धी निर्देशिका, २०७९

त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० र विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयसम्बन्धी विनियम, २०७७ मा उल्लेख भएअनुसार सम्बन्धन प्राप्त क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन गठनसम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न, स्वतन्त्र विद्यार्थी युनियन (स्व.वि.यु) निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा सञ्चालन गर्न लुम्बिनी बाणिज्य क्याम्पस स्व.वि.यु. निर्वाचन समितिले यो निर्देशिका बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम "लुम्बिनी बाणिज्य क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनसम्बन्धी निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) "क्याम्पस" भन्नाले लुम्बिनी बाणिज्य क्याम्पसलाई सम्झनु पर्छ ।

ख) "निर्वाचन समिति" भन्नाले त्रि. वि. कार्यकारी परिषद्ले तयार गरेको केन्द्रीय निर्वाचन निर्देशीकाको दफा ५ बमोजिमको समिति सम्झनु पर्छ ।

ग) "स्व.वि.यु" भन्नाले सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३४३ बमोजिमको स्वतन्त्र विद्यार्थी युनियन सम्झनु पर्छ ।

घ)"केन्द्रीय निर्देशिका" भन्नाले त्रि. वि. कार्यकारी परिषद्ले जारी गरेको स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनसम्बन्धी निर्देशिका, २०७९ सम्झनु पर्छ ।

ड) "निर्वाचन अधिकृत" भन्नाले उपदफा (ख) बमोजिमको समितिको प्रमुख वा संयोजकलाई सम्झनु पर्दछ ।

च) "मतदान अधिकृत" भन्नाले निर्वाचन अधिकृतले ताकेका निर्वाचन समितिका अन्य सदस्यलाई सम्झनु पर्दछ ।

छ) "क्याम्पस हाता" भन्नाले पूर्वमा क्याम्पसको पर्खाल र मुलगेटसंग सटेको नबिन औद्योगिक मा.बि.को भवनको वाल ,दक्षिणमा देविनगर चौपारीबाट क्याम्पस प्रवेश गर्ने व्याबसायीक सटरपछिको भुभाग एबं खेलमैदान , पश्चिममा क्याम्पसको लाइब्रेरीको पश्चिमतर्फको पर्खाल हुँदै चौकिदार क्वाटरसम्मको भु भाग, उत्तरमा क्याम्पसको उत्तरी गेट र पर्खाल लाई सम्झनु पर्दछ ।

**३. स्व.वि.यु. निर्वाचन समितिको काम कर्तब्य र अधिकार**: निर्वाचन समितिको काम, कर्तव्य, अधिकार देहायबमोजिम हुनेछ

क) स्व.वि.यु. निर्वाचन तालिका प्रकाशन र कार्यान्वयन गर्ने

ख) मतदाता नामावली प्रकाशन गर्ने,

ग) स्व.वि.यु. निर्वाचन गर्ने दिन निर्वाचनसम्बन्धी क्रियाकलापलाई व्यवस्थित गर्न प्रचार प्रसार अवधि, सामग्री, मतदान सुरु हुने र बन्द हुने समय, मतदाता परिचयपत्र, आदि लगायतका कार्यहरूको सम्बन्धमा सूचनागर्ने,

घ) निर्वाचन सम्पन्न गराउने,

ङ.) मतगणना गर्ने र विजयी उम्मेदवारहरूले पाएको मतको सङ्ख्यासमेत उल्लेख गरी परिणाम घोषणा गर्ने र प्रमाणपत्र प्रदान गर्ने।

**४. मतदाता नामावली सम्बन्धी व्यवस्था** : (१) क्याम्पसमा स्नातक र स्नातकोत्तर तहमा भर्ना भएका नियमित विद्यार्थीहरूको नामावली समावेश गरी तोकिएको कार्यतालिका बमोजिम स्व.वि.यु. निर्वाचन समितिले मतदाता नामावली प्रकाशन गर्नेछ।

२) कुनै पनि तहको अन्तिम सेमेस्टर वा अन्तिम वर्षको सैद्धान्तिक परीक्षा दिइसकेका विद्यार्थीहरू निर्वाचनमा सहभागी हुन पाउने छैनन् ।

३) क्याम्पसमा सन्चालित स्नातक र स्नातकोत्तर तहको प्रथम सेमेष्टरमा २०७९ फागुन १८ गते भित्रमा भर्ना भइसकेका विद्यार्थीहरुको नामावली मात्र मतदाता नामावलीमा समावेश गरिने छ ।

४) एक विद्यार्थीलाई एउटा मात्र क्याम्पसमा भर्ना गर्ने केन्द्रीय निर्देशिकाको व्यवस्था बमोजिम अन्य क्याम्पसमा भर्ना भएको पाईएमा मतदाता नामावलीमा समावेश गरिने छैन ।

५) एक तहको अध्ययन सकेर उत्तीर्ण भइसकेपछि पुनः त्यही तह र विषयमा भर्ना भएका विद्यार्थीहरूलाई मतदाता नामावलीमा समावेश गरिने छैन तर विषय परिवर्तन गरी अध्ययन गर्न नियमित विद्यार्थीका रूपमा क्याम्पस भर्ना भएका विद्यार्थीहरूको नाम मतदाता नामावलीमा समावेश गरिनेछ । प्रमुख अतिरिक्त विषय अध्ययन गर्ने तर ट्रान्सक्रिप्ट नपाउने अवस्थाका विद्यार्थीहरूलाई मतदाता नामावलीमा समावेश गरिने छैन।

६) मतदाता नामावली संघ/सङ्गठन/समूह लाई एक सेट उपलब्ध गराईने छ । एकभन्दा बढी सेट लिन चाहेमा प्रति पृष्ठ रु २ का दरले शुल्क बुझाई लिन सकिनेछ ।

**५. उम्मेदवार मनोनयन सम्बन्धी व्यवस्था** (१) निर्वाचन समितिले तोकेको मिति र समय भित्र संघ, सगठन, संयुक्त प्यानल वा समूहले निर्वाचन प्रक्रियाको लागि क्याम्पसमा नाम दर्ता गराउनुपर्नेछ । उक्त मिति र समयभित्र दर्ता नभएका संघ/सङ्गठन/समूहको उम्मेदवारीलाई सो प्रयोजनका लागि मान्यता दिइने छैन ।

२) प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुने पदको लागि संघ/सङ्गठन/समूह वा स्वतन्त्र रूपमा निर्वाचनमा उम्मेदवारी दिन सक्ने छन्। मतपत्र तयार पार्दा सहमतिको आधारमा समूहगत सङ्गठनात्मक रूपमा तयार पार्न सकिनेछ । मतपत्रमा सगठन, संयुक्त प्यानल वा समूहको नाम राख्दा उम्मेदवारी दर्ता भएको क्रम सङ्ख्याअनुसार राखिनेछ । समूहगत रूपमा निर्वाचनमा भाग लिन चाहनेले समूहको नामावली र मनोनयन पत्र दर्ता गर्नुपर्नेछ । निर्वाचनमा उम्मेदवार हुन तोकिएको उमेर हद नाघेका उम्मेदवारको उम्मेदवारी स्वतः बदर भएको मानिनेछ ।

३) उपदफा (२) को प्रयोजनको लागि संघ/सङ्गठन/संयुक्त प्यानल वा समूहको उम्मेदवारको रूपमा भाग लिने विद्यार्थी सङ्गठनले निर्वाचन अधिकृतसमक्ष आफ्नो संघ, सगठन, संयुक्त प्यानल वा समूहको आधिकारिक हस्ताक्षरसहितको सिफारिस पत्र पेस गर्नुपर्नेछ। यसमा विवाद उत्पन्न भएको खण्डमा सम्बन्धित विद्यार्थी सङ्घ सङ्गठनको केन्द्रीय अध्यक्ष/सभापति / संयोजक/प्रमुखको सिफारिसलाई आधिकारिक मानिने छ । एउटै नाम भएका सङ्गठनहरू भएमा त्यस्ता सङ्गठनका आधिकारिक अध्यक्ष/सभापति/ संयोजक/प्रमुखहरुसंग छलफल गरी त्यस्ता सङ्गठनको पहिचान दिन सकिने छ ।

४) उम्मेदवारी मनोनयन पत्र दाखिला गर्ने दिन २८ वर्ष ननाघेको र मतदाता सूचीमा नाम भएको व्यक्तिले स्व. वि. कार्य समितिको कुनै एक पदको पदाधिकारी वा सदस्यको लागि मात्रै उम्मेदवारी दिन सक्नेछ । उदाहरणका लागि २०७९ साल चैत्र ५ गते हुने निर्वाचनमा उम्मेदवारी दाखिला मिति २०७९/११/२७ भएमा प्रत्यक्ष र समानुपातिक दुवैतर्फ २०५१/११/२८ वा सोभन्दा पछिको जन्ममिति भएको विद्यार्थीहरूले उम्मेदवारी दिन पाउने छन् ।

५) मनोनयन दर्ता गर्नका लागि विश्वविद्यालयले तोकेको मनोनयन फाराम प्रयोग गर्नुपर्नेछ ।

६) निर्वाचन समितिमा समानुपातिकतर्फको सदस्य पदको उम्मेदवारको नामाबली संघ/सङ्गठन/समूहले तोकिएबमोजिम सङ्ख्यामा मात्र निर्वाचन समिति समक्ष तोकिएको मिति र समयभित्र बुझाउनुपर्नेछ । एक पटक बुझाइसकेपछि उक्त नाममा कुनै हेरफेर गर्न पाइने छैन । समानुपातिकतर्फका उम्मेदवारहरूको नामावलीमा पनि प्रत्यक्षतर्फका उम्मेदवारको जस्तै अन्तिम नामावली प्रकाशन गरिनेछ । समानुपातिक सदस्यको नामावली पेस गर्दा स्व.वि.यु. मा जति सङ्ख्या सदस्यहरू रहने हो अधिकतम त्यति नै सङ्ख्यामा सदस्यहरूको नामावली पेस गर्नसक्ने छन् ।

७) प्रत्यक्षतर्फका उम्मेदवार भएका व्यक्तिले समानुपातिकतर्फ उम्मेदवार हुन पाउने छैन । प्रत्यक्ष तर्फका उम्मेदवारको नाम समानुपातिक तर्फबाट समावेश भएको पाइएमा, उमेरको हद काटेमा वा मतदाता सूचीमा नाम नभएको पाइएमा निर्वाचन समितिले समानुपातिक तर्फबाट नाम हटाई बाँकी सदस्यहरूको नाम मात्र कायम गर्नेछ ।

८) प्रत्येक मनोनयन पत्रमा १ जना प्रस्तावक र १ जना समर्थकको हस्ताक्षर गरी सक्कलै परिचय पत्रसमेत राखी पेस गर्नुपर्नेछ । प्रत्यक्ष र समानुपातिकतर्फका उम्मेदवार हुने विद्यार्थीहरूले उमेर खुलेको नागरिकता वा शैक्षिक प्रमाणपत्रको सक्कल र प्रतिलिपिसमेत निर्वाचन समितिमा पेस गरी त्यसको प्रतिलिपि निर्वाचन अधिकृतले प्रमाणित गरी रेकर्ड राख्ने र प्रमाणपत्र रुजु गरी सक्कल प्रति सम्बन्धितलाई फिर्ता दिनुपर्नेछ ।

९) कुनै एउटा पदको १ जना उम्मेदवारको प्रस्तावक वा समर्थक भइसकेको व्यक्ति सोही पदको अन्य उम्मेदवारको प्रस्तावक वा समर्थकका रुपमा बस्न पाइने छैन तर सदस्यहरूको हकमा भने जति जना प्रत्यक्ष प्रणालीबाट निर्वाचन हुनुपर्ने हो, त्यति नै जनाको प्रस्तावक वा समर्थक बन्न पाइनेछ ।

१०) जुन पदमा आफूले उम्मेदवारी दिएको छ सोही पदमा अन्य उम्मेदवारको समर्थक वा प्रस्तावक हुन पाइने छैन । त्यसरी समर्थक वा प्रस्तावक भएको पाइएमा दुबैको उम्मेदवारी रद्द हुनेछ ।

११) निर्वाचनमा कुनै सङ्घ सङ्गठन वा समूहले समानुपातिकतर्फ मात्र पनि निर्वाचनमा सहभागी हुन सक्ने छन् ।

**८. मतपत्र सम्बन्धी व्यवस्था** : (१) निर्वाचनका लागि प्रत्यक्ष र समानुपातिकतर्फको लागि अलग- अलग मतपत्र हुनेछ र समानुपातिक मतपत्रमा सङ्घ सङ्गठन वा समूहको नाम राखिनेछ । प्रत्यक्षतर्फका मतपत्रमा संघ/सङ्गठन/समूह र उम्मेदवारको नाम राखिने छ ।

२) मतपत्रमा निर्वाचन अधिकृत र मतदान अधिकृत दुबैको हस्ताक्षर अनिवार्य रुपमा हुनुपर्ने छ । तर इलेक्ट्रोनिक मेसिनबाट मतदान गर्ने व्यवस्था भएमा भने त्यसको आवश्यकता पर्ने छैन ।

**९. मतदान सम्बन्धी व्यवस्था :** (१) मतदाता नामावलीमा नाम भएका मतदाताले निर्वाचन समितिले तोकेको मिति, समय र स्थानमा गई क्याम्पसको परिचयपत्र देखाई मतदान गर्नुपर्ने छ ।

२) मतदाता नामावलीमा नाम भएका विद्यार्थीहरुको परीक्षाको कारण परिचयपत्र तयार नभएमा तत्काल सम्पन्न भएको परीक्षाको सक्कल प्रवेशपत्रका आधारमा मतदान गर्ने व्यवस्था मिलाउन सकिने छ ।

३) मतदान स्थलमा प्रत्येक संघ/सङ्गठन/समुहबाट मतदातामध्ये प्रति बुथ एक एक जनाका दरले प्रतिनिधि राख्न सकिने छ । उक्त प्रतिनिधिहरुको नाम निर्वाचन समितिको सुचनाबमोजिम लिखित रुपमा निर्वाचन समिति समक्ष पेश गर्नुपर्ने छ ।

**१०. मतगणना सम्बन्धी व्यवस्था** (१) निर्वाचन समितिले मतदान सम्पन्न भएपछि मतगणनाको मिति र समय तोकेर सूचना प्रकाशित गर्नुपर्नेछ ।

२) मतगणना स्थलमा प्रत्येक संघ/सङ्गठन/समुहबाट मतदातामध्ये एक एक जना प्रतिनिधि राख्न सकिने छ । उक्त प्रतिनिधिहरुको नाम निर्वाचन समितिको सुचनाबमोजिम लिखित रुपमा निर्वाचन समिति समक्ष पेश गर्नुपर्नेछ ।

३) मतदान सकिनासाथ मत गणनाको कार्य यथाशक्य चाँडो प्रारम्भ गर्नुपर्नेछ ।

४) प्रत्यक्ष निर्वाचनतर्फको मतगणनामा मत बराबर भएमा गोलाप्रथाबाट निर्णय गरिनेछ । समानुपातिकतर्फ खसेको सदर मतलाई समानुपातिकतर्फ निर्वाचित हुने सदस्य सङ्ख्याले भाग गरी आएको भागफललाई निर्वाचित हुने मत कोटा मानिनेछ । यो मत कोटाको अनुपातमा सङ्घ, सगठन वा समूहको सदस्य निर्वाचित हुने छन्। निर्वाचित हुने आवश्यक सङ्ख्या पुरा नभएमा अधिकतम् शेषफलको क्रमअनुसार निर्वाचित हुने सदस्य सङ्ख्या वितरण गरिनेछ ।

५) उपाध्यक्ष पद १ र सहायक सचिव पद १ मा निर्वाचन गर्दा प्रत्यक्ष तर्फबाट निर्वाचित पदाधिकारीहरू र सदस्यहरु तथा तथा समानुपातिक तर्फबाट निर्वाचित भएका सदस्यहरूसहितको स्व.वि.यू. कार्य समितिले समानुपातिकबाट आएका सदस्यहरू मध्येबाट सर्वसम्मत वा बहुमतको आधारमा निर्वाचित गर्नेछ । जस्तै, उदाहरणको लागि ११ सदस्यीय स्व.वि.यू. कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष र ३ जना सदस्य प्रत्यक्षवाट आउनेछन् भने ५ जना समानुपातिक सदस्यहरु मध्येबाट उपाध्यक्ष १ सहायक सचिव १र३ जना सदस्यहरू चुनिनेछन् ।

६) मतगणना सम्पन्न भएको ७ दिनभित्रमा निर्वाचनमा समानुपातिकतर्फ सङ्घ सङ्गठन वा समूहले प्राप्त गरेको मतको आधारमा सदस्यमा निर्वाचित हुने सङ्ख्या तोकी संघ/सङ्गठन/समुहले पेस गरेको सूची भित्रका नाममध्येबाट संघ/सङ्गठन/समुहबाट नाम सिफारिस मागी निर्वाचित भएको घोषणा गर्नुपर्ने छ । ७ दिनभित्र नाम सिफारिस भई नआएमा सङ्घ / सङ्गठन / समूहले पेस गरेको सूचीको क्रम सङ्ख्याको क्रमाङ्क १ बाट क्रमशः सदस्य छनोट गरिनेछ ।

७) मतगणना सकिना साथ विजयी उम्मेदवारहरूले पाएको मतको सङ्ख्या र समानुपातिक तर्फ प्राप्त सिट सङ्ख्या समेत उल्लेख गरी परिणाम घोषणा गर्न पर्नेछ ।

८) निर्वाचन परिणामको विस्तृत विवरण प्राप्त मत , संघ/सङ्गठन/समुह समेत खुल्ने गरी क्याम्पस प्रमुखमार्फत् तत्काल शिक्षाध्यक्षको कार्यालय, विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयमा पठाउनुपर्ने छ ।

**११. निर्वाचन आचारसंहिता** : त्रि.बि.ले स्व.बि.यु निर्वाचन तालिका सार्वजनिक गरेको मिति अर्थात <u>२०७९ फागुन ५ गते देखि</u> नै निर्वाचन आचार संहिता लागु भएको मानिने छ ।

(१) निर्वाचन स्वतन्त्र र निष्पक्ष रुपमा सम्पन्न गर्न देहायका कुराहरूको अनिवार्य रुपमा पालना गर्नुपर्ने छ :

क) क्याम्पसको कम्पाउण्डवालको बाहिरपट्टी, भित्रपट्टी र क्याम्पस परिसरमा भित्ते लेखन (बाल पेन्टिङ)गर्न, निर्वाचनसम्बन्धी तुल, फ्लेक्स र कुनै पनि प्रकारको पोस्टर टाँस्न पाइने छैन ।

ख) क्याम्पसलाई हानि नोक्सानी हुने कुनै प्रकारको प्रचार प्रसार र अन्य गतिविधि गर्न पाइने छैन ।

ग) क्याम्पसको निर्वाचन समितिमा दर्ता भएका संघ/सङ्गठन/समुह वा स्वतन्त्र उम्मेदवारहरूले एक अर्काप्रति आक्षेप वा आरोप लगाउने वाक्यहरू बोल्न पाइने छैन।

घ) प्रत्येक संघ/सङ्गठन/समुह र स्वतन्त्र उम्मेदवारले आफ्नो निर्वाचन घोषणा पत्र र उम्मेदवारको नामावलीको पर्चा (A4 साइजको श्यामस्वेत) मात्रै प्रचार प्रसार गर्न पाइनेछ ।

ङ) क्याम्पस हाताभित्र माइकबाट कुनै पनि प्रकारको प्रचार प्रसार गर्न पाइने छैन । तर सभाहलभित्र उम्मेदवारको परिचयात्मक कार्यक्रम वा अन्य मतदाता शिक्षा सम्बन्धी कार्य गर्न रुकावट हुने छैन ।

च) विभिन्न माग राखी वा निर्वाचनको विषयलाई लिएर बन्द हड्ताल गर्न पाइने छैन ।

छ) मतदान हुनुभन्दा ४८ घण्टा अगाडिदेखि निर्वाचनको प्रचार प्रसार गर्न पाइने छैन ।

ज) निर्वाचनको दिन क्याम्पस हाताभित्र स्वयंसेवकको व्यवस्थालाई निषेध गरिने छ ।

२) उपदफा (१) मा तोकिएदेखि बाहेक स्व.वि.यु. निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समिति र स्व.वि.यु. निर्वाचन कार्य समितिले थप आचारसंहिता तोक्न सक्नेछ। सो आचारसंहिता सबैले पालना गर्नु पर्नेछ ।

**१२. निर्वाचन सम्पन्न गर्न क्याम्पस वा कलेजले गर्नुपर्ने कार्यहरू** :(१) निर्वाचन सम्पन्न गर्न व्यवस्थापन सम्बन्धी सबै कार्य क्याम्पसले गर्नुपर्नेछ । सो कार्यका लागि क्याम्पसले तोकेको जिम्मेवारी बहन गर्नु सबै शिक्षक/कर्मचारीको कर्तव्य हुनेछ ।

२)यस निर्देशिकाबमोजिम वा निर्वाचन समितिले तोकेको आचारसंहिताबमोजिम बन्देज गरिएका कार्य कसैले गरेको पाइएमा तुरुन्तै रोक्न वा हटाउन लगाउनुपर्नेछ ।

३) निर्वाचन कार्यतालिका प्रकाशित भई निर्वाचन प्रकृया अघि बढेको दिनदेखि क्याम्पसको प्राज्ञिक कार्य बाहेक निर्वाचनलाई प्रभाव पार्ने खालका गतिविधिमा रोक लगाईएको छ । स्व.वि.यु. निर्वाचनलाई प्रभाव पार्ने गरी सरकारी कोषबाट तलब भत्ता लिने कुनै पनि व्यक्ति वा संस्थाका कार्यक्रमहरू क्याम्पस हाताभित्र गर्न पाईने छैन ।

४) क्याम्पसले शान्तिपूर्ण वातावरणमा निर्वाचित सम्पन्न गराउन स्थानीय प्रशासनसँग समन्वय गरी आवश्यक कार्य गर्ने, गराउने ।

५) निर्वाचन शान्तिपूर्ण ढङ्गले सञ्चालन गर्न क्याम्पसले निर्देशिका पूर्ण रुपमा पालना गर्ने र गर्न लगाउनुपर्ने छ । स्व.वि.यु. निर्वाचनको कुनै कुरामा अस्पष्टता भएमा निर्वाचन केन्द्रीय अनुगमन एवं समन्वय कार्य समितिसंग समन्वय गरि समाधान गरिनेछ ।

६) कुनै कारणवश स्व.वि.यु निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न हुन नसक्ने अवस्था सिर्जना भएमा निर्वाचन अधिकृतको सिफारिसमा क्याम्पस प्रमुखले निर्वाचन स्थगन गरी सो को जानकारी त्रि.बि. लाई दिनुपर्ने छ । साथै त्रि.बि. संग समन्वय गरि बिद्यार्थी संघ/संगठन/समुह संगको आपसी समझदारीमा अर्को निर्वाचनको मिति घोषणा गरिने छ ।

**१३. बाधा अड्काउ फुकाउने अधिकार खारेजी र बचाउ** (१) यो निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार स्व.वि.यु. निर्वाचन समितिलाई हुनेछ ।

२) स्व.वि.यु निर्वाचन कार्यक्रमले क्याम्पसका प्राज्ञिक कार्य, नियमित परीक्षाहरू र प्रवेश परीक्षाहरू सञ्चालनमा कुनै बाधा पर्नेछैन ।

३) यस निर्देशिकाका कुनै दफा उपदफाहरु त्रि.बि.बि. केन्द्रीय निर्वाचन निर्देशिकासंग बाझिएमा बाझिएको हद सम्म खारेज हुनेछन् । साथै कुनै कुरा प्रष्ट नभएका केन्द्रीय निर्देशिका अनुरुप हुनेछन् ।

__निर्वाचन समिति :__

संरक्षक : क्याम्पस प्रमुख , प्रा.डा.तारा प्रसाद उपाध्याय

निर्वाचन अधिकृत : सह प्रा. गोपाल प्रसाद पाण्डे

सदस्य : उप प्रा. माया आचार्य

सदस्य : उप प्रा. द्वारिका गौतम

सदस्य : उप प्रा. ललितमान श्रेष्ठ

सदस्य : उप प्रा. धन ब. पुन

सदस्य : उप प्रा. मधुकर शर्मा

सदस्य : उप प्रा. डिल्ली राज गौतम

सदस्य : उप प्रा. निरज गौतम

सदस्य : उप प्रा. तुल्सी प्रसाद भुसाल

सदस्य : उप प्रशासक सबिता कुमारी शाक्य

सदस्य सचिव : उप प्रा. विदुर ज्ञवाली